# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

✆ ९८५८०६५१११

प.सं. : २०८१/०८२

च. नं. :

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल


## उपयुक्त प्रविधि हस्तान्तरण सम्बन्धि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२।११**

गुर्भाकोट नगरपालिकाको उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाको चालु आ व २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाभित्र उद्योग दर्ता भई सञ्चालनमा रहेका उद्योग व्यवसाय तथा सामुहिक उद्यम, व्यवसायहरुको लागि उपयुक्त प्रविधि (मेशिन/औजार) हस्तान्तरण कार्यक्रम रहेकोले (कृषि,पशु,नर्सरी तथा होटेल उद्योग/ फर्म बाहेकका ) ईच्छुक उद्योग व्यवसायहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र कार्यालय समयमा र उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समय भित्र देहायका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. उद्योग दर्ता, नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

२. नागरिकताको प्रतिलिपि।

३. सम्बन्धित वडाको सिफारिस।

४. व्यवसायिक योजना।

५. कार्यविधिको अनुसूचि २ बमोजिमको उद्योगसँग सम्बन्धित उपयुक्त प्रविधि (मेशिन औजार) को प्रस्तावित मूल्य सहितको निवदेन

६. कार्यविधिको अनुसूची- ३ बमोजिमको उद्योग तथा व्यवसायको विस्तृत विवरण।

७. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।

८. अघिल्लो आ व को कर चुक्ता पत्रको प्रतिलिपि।

९. सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रतिलिपि।

**शर्तहरुः**

१. उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत यस नगरपालिकाबाट यस अघि छनौट भई उपयुक्त प्रविधि प्राप्त गरेका व्यक्ति वा फर्महरुले पुनः निवेदन दिन पाईने छैन अन्यथा निवेदन दिएमा निवदेन रद्द हुनेछ।

२.अनुसूची-२ बमोजिमको सम्बन्धित उद्योग व्यवसायसँग सम्बन्धित उपयुक्त प्रविधि मेशिन औजारको स्पेशिफिकेशन सहित प्रस्तावित मूल्य निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ।

३. कृषि, पशु तथा नर्सरी, होटलजन्य उद्योगहरुलाई यस कार्यक्रममा समावेश गरिने छैन।

४. कूल पूँजी रु ५ लाखसम्म भएका उद्योगहरुले मात्र आवेदन दिन पाउने छन्।

५. निवेदकले प्रस्ताव पेश गर्दा सिलबन्दी खाममा पेश गर्नु पर्नेछ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।